सम्मानीत गाउँ सभाका अध्यक्ष ज्यू
आदरणीय गाउँ सभाका सम्पूर्ण सदस्यहरु,

अब म संक्षेपमा बजेट प्रस्तुत गर्न चाहन्छु।

- उल्लिखित नीति र कार्यक्रमका आधारमा विनियोजन विधेयक २०८० र आर्थिक विधेयक २०८० तयार गरि गाउँ कार्यपालिका बैठक बाट स्वीकृत गराई यस सम्मानित गाउँसभा मार्फत पारित हुन प्रस्ताव गरेको छु। नीति तथा कार्यक्रम आधारमा नै आय र व्ययको अनुमान तयार गरी यस गाउँसभा मा पेश गरेको छु। गाउँ कार्यपालिका बाट स्वीकृत पेश गरेको आ.व.२०८०/८१ को आय र व्ययको अनुमान स्वीकृतीको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान तपशिल अनुसार पेश गर्ने अनुमति चाहन्छु।यस पूर्व गत आर्थिक बर्षको यर्थात आय र व्यय चालु आर्थिक बर्षको संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक लागेर यस सम्मानीत नगर सभा समक्ष पेश गरेको छु।

<u>गत बर्ष २०७८/७९ को आय तर्फ</u>

**आन्तरिक आयः** १,६२,०५,८८१।८०
**बाह्य आयः** ४३,७०,२७,७८७।७३
**कूल जम्मा आयः** ४५,३२,३३,६६९।५३

<u>व्यय तर्फ</u>

**चालु खर्च :** १८,८१,९५,९४१।९७
**पुजिगत खर्च :** १९,४९,६५,४९३।००
**कूल जम्मा व्यय :** ३८,३१,६१,४३४।९७
**नगद मौज्दात :** ५,८१,४४,६७४।३३

सम्मानित गाउँसभाका अध्यक्ष ज्यू
आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,

- अब म चालु आ.व. २०७९/८० को जेठ मसान्त सम्मको यथार्थ आय / व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।जेठ ३२ सम्मको यथार्थ आम्दानी र खर्च आ.व. २०७९/८० मा **कूल आय ३९ करोड १३ लाख ३३ हजार ५७ रुपैया ८३ पैसा** आन्तरिक आय **३३ लाख २७ हजार ३ सय ८७ रुपैया** त्यसै गरि **कूल खर्च रु. २५ करोड ७७ लाख ३७ हजार ८ सय ५३ रुपैया ०२ पैसा** रहेको छ।

सम्मानित गाउँसभाका अध्यक्ष ज्यू
आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,

- अब म आगामी आ व २०८०/८१ प्रस्तावित आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहिन्छ।यस गाउँपालिकाले आर्थिक बर्ष २०८०/८१ का लागि कूल आय ४६ **करोड** ४४ **लाख** ४९ **हजार** ८ **सय** हुने प्रक्षेपण गरिएको छ।

अब म आय तथा व्ययको श्रोत क्षेत्रगत विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु।

**आय तर्फः**

आन्तरिक आयः  १ करोड २३ लाख ४५ हजार

वित्तीय समानीकरण : ९ करोड ३२ लाख .

सर्शत अनुदान चालु तर्फ : १२ करोड ५३ लाख

सशर्त अनुदान पूँजीगत तर्फ :  २ करोड ३० लाख

संघीय सरकार विशेष अनुदान : १ करोड ६० लाख

संघिय समपुरक अनुदानः २ करोड ५ लाख

संघीय सरकार राजस्व बाँडफाँड तर्फ : ८ करोड ७० लाख ७९ हजार ८ सय

प्रदेश सरकार समपुरक कोषः ०

प्रदेश सरकार विशेष कोष : ०

प्रदेश सरकार वित्तीय समानिकरण : ७५ लाख ६९ हजार

प्रदेश सरकार राजस्व बाडँफाडँ : २० लाख ५१ हजार

सामाजिक सुरक्षा : ६ करोड ५० लाख

गरिब सँग विशेश्वर  कार्यक्रम : ५ लाख

प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम (PLGSP): ४ लाख २५ हजार

सडक वोर्डः १५ लाख

अल्या रकम : १ करोड

**कुल जम्मा रु. ४६ करोड ४४  लाख  ४९ हजार ८ सय**

<u>व्यय तर्फ</u>

**चालु खर्चः २१ करोड ४ लाख ३९ हजार ८ सय**

**पूजीगत खर्चः २५ करोड ४० लाख १० हजार**

**जम्मा खर्च ४६ करोड ४४ लाख ४९ हजार ८ सय अनुमान गरेको छु।**

- उल्लिखित आय र व्ययको प्रस्तुतीकरणमा चालु आर्थिक बर्षको आय र व्ययको अनुमान भन्दा आगामी आर्थिक बर्ष (२०८०/८१)को आय र व्ययको अनुमान रकम रु **४६ करोड ४४ लाख ४९ हजार ८ सय रुपैंया**ले थप भएको छ।साथै तपसीलमा उल्लेखित बजेट रकमहरु नेपाल सरकार र प्रदेश सरकार मार्फत विगतमा झै निरन्तर रुपमा स्थानीय सरकार मार्फत निकासा भै रहने व्यहोरा समेत सम्मानीत गाउँसभा समक्ष जानकारी गराएको छु।

सम्मानित गाउँसभाका अध्यक्ष ज्यू

आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,

- नेपालको संविधान स्थानीय सरकार संचालन ऐन र प्रचलित कानून बमोजिम मैल सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ व २०८०/८१ का लागि नीति

कार्यक्रम तथा बजेट तय गरि यस सम्मानी गाउँसभा समक्ष प्रस्तुत गरेको छु। कार्यक्रम अनुसार बजेट तय गरेको छु। कार्यक्रम तयार गर्दा उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु। नीतिहरु कार्यान्वयनका लागि स्रोत साधनको व्यवस्था गरि क्रमशः लागु गर्दै जाने प्रतिबद्धता सम्मानीत गाउँसभालाई जानकारी गराउन चाहन्छु।

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**

**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**

- अब म सम्मानीत गाउँसभा समक्ष मैले माथि प्रस्तुत गरेको गत बर्षको यथार्थ आय र व्यय चालु आर्थिक बर्षको संशोधित आय र व्यय आगामी आर्थिक बर्ष २०८०/८१ को अनुमानित आय र व्यय ,आर्थिक विधेयक २०८०, दररेटहरु माथि सम्मानित गाउँसभामा छलफलका लागि प्रस्तुत गर्न चाहन्छु।आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० छलफल गरि पारित गर्न आगामी आर्थिक बर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानीत गाउँसभा समक्ष प्रस्ताव पेश गरेको छु।साथै गाउँपालिकाले पेश गरेका आ.व. २०८०/८१ का नीति कार्यक्रम तथा बजेट स्वीकृतीको लागि पेश गरेको छु।

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू**

**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यहरु,**

- नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार,प्रदेश सरकारतथा माननीय सम्मानीय तथा सम्पुर्ण राजनौतिक दलका प्रतिनिधिज्यूहरुबाट प्राप्त सुझाव सहयोग प्रति आभार व्यक्त गर्दछु। हामीले गरेको आग्रहलाई स्वीकार गरि बैठक तथा छलफलमा उपस्थित भई सुझाव दिनुहुने कार्यपालिका सदस्यज्यूहरु विभिन्न विषयगत समितिका संयोजकज्यू तथा सदस्यहरु लगायत सबैमा विशेष धन्यवाद दिन चाहन्छु।बजेट निर्माणका क्रममा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनहुने गाउँकार्यपालिका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी बिषयगत शाखा/महाशाखा प्रमुख तथा प्रतिनिधिहरु करदाता, उद्यमी, व्यवसायी, समाजसेवी, जेष्ठनागरिक, बुद्धिजिवी,संचारकर्मी पत्रकार सबै सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

- बजेट निर्माणका क्रममा तथा विभिन्न समय-समयमा हामीलाईसुझाव सल्लह दिन हुने सम्पूर्ण महानुभावहरु लाई धन्यवाद, का साथै प्रस्तुत नीति कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचानात्मक सुझावहरुलाई मार्ग दर्शनको रुपमा लिएर लालझाडीको समग्र समृद्धिका लागि लालझाडी गाउँपालिकाले अगाडि बढाउने बिश्वास दिलाउँदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग हुने निरन्तर अपेक्षा राखेको छु।